लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ
मिति २०७३।०४।०२ गते ।

# प्रेस विज्ञप्ती - १६४

# Press Release-164

## लागु औषध अफिम सहित मानिस पक्राउ

यस ब्यूरोबाट प्र.नि. अनिल ठकुरीको कमाण्डमा खटिएको प्रहरी टोलीले विशेष सुराकीको आधारमा मिति २०७३।०४।०१ गते १९:२५ बजेको समयमा जिल्ला जाजरकोट भे.मा.न.पा.-४ बसपार्क स्थित सिद्धार्थ होटलको १०३ नं. को कोठा चेकजाँच गर्ने क्रममा उक्त कोठामा रहेका जिल्ला जाजरकोट नायकवडा गा.वि.स.वडा नं. ६ बस्ने वर्ष ५० को निम बहादुर सिंह र ऐ.ऐ. वडा नं. ८ बस्ने वर्ष २९ को कुश बहादुर महतरालाई **लागु औषध अफिम १ किलो ४०० ग्राम** सहित पक्राउ गरी थप अनुसन्धानको लागि बरामद भएको लागु औषध अफिम (१ किलो ४०० ग्राम) सहित जि.प्र.का.जाजरकोटमा बुझाईएको छ ।

•••




फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ , ईमेल : ncbnepal@gmail.com

# प्रेस विज्ञप्ती - १६५
# Press Release-165

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७३/०४/०६ गते

लागु औषध नियन्त्रण ब्यूरोको बिशेष सुराकको आधारमा लागु औषध नियन्त्रण ब्यूरो र औषधी व्यवस्था बिभागको संयुक्त टोलीले आज मिति २०७३।०४।०६ गते काठमाण्डौको बिभिन्न स्थानहरुमा रहेको औषधी पसलहरुको अनुगमन गर्दा निम्न स्थानमा रहेको निम्न थोक तथा खुद्रा औषधी बिक्रेताहरुले लागु औषध दुर्व्यसनीहरुलाई निम्न औषधीहरु गैह्र कानूनी रुपमा बिक्रि बितरण गरेको पाईएकोले निजहरुलाई औषधी ऐन २०३५ अन्तर्गत आवश्यक कार्वाहीको लागि औषधी व्यवस्था बिभाग संग समन्वय गरीएको छ।

**निम्न :-**

| सि. न | औषधी पसलको नाम | ठेगाना | बिक्रेताको नामथर | गैह्र कानूनी रुपमा बिक्रि वितरण गरेको औषधी | वरामद परिमाण | औषधी पसल दर्ता रहेको व्यक्तिको नाम थर |
|---|---|---|---|---|---|---|
| १ | शेरावली पोलिक्निक प्रा.ली | का.जि.का.म.न.पा ९ भिमसेनगोला | राम श्रेष्ठ राय | ओपिडोल स्पास्मो ट्राफ्लास | ओपिडोल ६० ट्याबलेट स्पास्मो ७६० ट्याबलेट ट्राफ्लास १२० ट्याबलेट | रोशन सापकोटा |
| २ | बागेश्वरी फर्मा | का.जि.का.म.न.पा ८ जय बागेश्वरी | ईन्दु आर्चाय सिर्जना श्रेष्ठ | क्लोनोज स्पास्मो | स्पास्मो ३० ट्याबलेट | सुजाता के.सी |
| ३ | जोशी फार्मेसी | का.जि.का.म.न.पा ७ लामपोखरी चावहिल | नुच्छे लाल श्रेष्ठ | ट्माडोल | ट्रामाडोल ८१ ट्याबलेट | सुन्दर काजी जोशी |
| ४ | रुपन्देही ड्रग हाउस | का.जि.का.म.न.पा ६ चुच्चेपाटी | राम बहादुर के.सी | | | राम बहादुर के.सी |

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ , ईमेल : ncbnepal@gmail.com, ncb@nepalpolice.gov.np







# प्रेस विज्ञप्ती - १६६
# Press Release-166

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७३/०४/०७ गते

बिशेष सुराकको आधारमा लागु औषध नियन्त्रण ब्यूरोले औषधी व्यवस्था बिभागको प्रतिनिधि समेतको उपस्थितिमा आज मिति २०७३।०४।०७ गते काठमाण्डौको बिभिन्न स्थानहरुमा रहेको औषधी पसलहरुको अनुगमन गर्दा का.जि.का.म.न.पा ३४ बासुकीमार्गमा रहेको रेस्नल मेडिकल स्टोरबाट लागु औषध दुर्व्यसनीहरुलाई नियन्त्रित लागु तथा मनोद्दिपक औषधीहरु Lorazepam र Clonozepam गैह्र कानूनी रुपमा बिक्रि बितरण गरेको पाईएकोले उक्त औषधि पसल संचालक जिल्ला खोटाङ, एम्फा गा.वि.स – ९ घर भई हाल का.जि. पुरानो बानेश्वर बस्ने बर्ष ३४की लक्ष्मी राईलाई Lorazepam-60 tablets, Clonozepam – 33 tablets सहित पक्राउ गरीएको छ।

लामो समय देखि नियन्त्रित लागु तथा मनोद्दिपक औषधीहरु गैह्र कानूनी रुपमा बिक्रि बितरण गर्दै आएकी निज लक्ष्मी राईलाई लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम अनुसन्धान तथा कार्वाही प्रक्रिया अगाडि बढाईएको छ।





फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ , ईमेल : ncbnepal@gmail.com, ncb@nepalpolice.gov.np